# भूमि अधिकार अभियान

## मासिक खबर

वर्ष : १ अङ्क : १० बैशाख, २०७२


## भुकम्प महाविपत्ति

बैशाख १२ गते ११ बजेर ५६ मिनेट जाँदा नेपालमा ७.६ रेक्टर स्केलको महाभुकम्प गयो । यो मात्र एक पटक थिएन, यसपछि विभिन्न पटक भुकम्पको पराकम्पनहरू गइरहँदा यसले जनजीवन त्रासपूर्ण छ । पहिलो पटक गोरखाको बारपाकलाई केन्द्रबिन्दु बनाएर गएको महाभुकम्पले गोरखा, धादिङ, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, दोलखा, काठमाडौं, भक्तपुर र ललितपुर जिल्लामा असङ्ख्य जन-धनको क्षति भएको छ । यो महाभुकम्प नेपालमा ९० सालपछिको ठूलो मानिएको छ । जेठ २ गतेसम्म २३८ पटक ४ म्याग्निच्युडमाथिका पराकम्पनहरू गइसकेका छन् । भुकम्पको कारण अहिलेसम्म ८ हजार ५ सयभन्दा बढीको मृत्यु भइसकेको छ भने १६ हजारभन्दा बढी घाइते भएर उपचार गराइरहेका छन् । करिव २ लाख ५० हजारभन्दा बढी घर पूर्ण क्षति भएको तथ्याङ्क आएको छ । यो सङ्ख्या अझ बढ्न सक्ने अनुमान पनि गरिएको छ ।



महाभुकम्पले हाम्रो कार्यक्षेत्रका सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, ललितपुर, रामेछाप, ओखलढुङ्गा, खोटाङ र सिन्धुली जिल्लामा ठूलो जन-धनको क्षति भएको छ । भुकम्पपछि भूमि अधिकार कार्यकर्ता र अगुवाहरू उद्धार, राहत र पुनर्निर्माणको काममा नियमित खटिरहेका छन् । कतिपय कार्यकर्ताहरू आफैं भुकम्प पीडित बनेका छन् । भुकम्पको कारण ४७५ गाँउ भूमि अधिकार मञ्च मध्ये १८० गाँउ मञ्चका ३४३७ सदस्य भुकम्प प्रभावित भएका छन् । जसमा १०४ जना सदस्यको मृत्यु र १५१ जना घाइते भएका छन् भने ३२३० घरहरू पूर्ण क्षति ग्रस्त भएका छन् र ७४४ घरहरूमा आशिंक क्षति पुगेको तथ्याङ्क आएको छ । अहिले पनि बेलाबेला भुकम्पको पराकम्पनहरू गइरहेकाले यो तथ्याङ्क बढ्ने खतरा पनि उत्तिकै छ ।

### पुनर्निर्माणको लागि राहत र हाम्रो प्रयास

राहत तथा सहयोग सङ्कलनलाई प्रभावकारी ढङ्गले अगाढि बढाउनका लागि सामुदायिक आत्मनिर्भर केन्द्र र राष्ट्रिय भूमि अधिकार मञ्चको पहलमा एक समन्वय समि ति बनेको छ ।

समितिमा डा.सुरेश ढकाल, जगत बस्नेत, जगत देउजा, पुष्कर आचार्य, शोभा ढकाल, कल्पना कार्की, अपराजिता गौतम, ल्यामबहादुर दर्जी, सरस्वती सुब्बा र सुबास कट्टेल रहनुभएको छ । जिल्ला भूमि अधिकार मञ्च, ओखलढुङ्गाले आयोजना गरेको सिकाई भ्रमणको क्रममा बैशाख १२ गते सिन्धुपाल्चोक तातोपानी नाका पुगेको टिमका एक सदस्य मैयाँ श्रेष्ठ सोही ठाउँको एक पसलमा सामान किन्ने क्रममा त्यहीं भत्किएको घरले पुरिएर मृत्यु भयो । मृतकको परिवारलाई घर मर्मत तथा बालबच्चाको पढाई खर्चको लागि एक लाख

रूपियाँ नगद सहयोग प्रदान गरिएको छ । साथै पहिरोले घाइते भएका विन्दा भुजेल र तुलसीराम ढकाललाई जनही १० हजार रूपियाँ उपचार खर्च प्रदान गरिएको छ । उनीहरू अहिले पनि उपचाररत छन् ।



सामुदायिक आत्मनिर्भर केन्द्रमार्फत कार्यक्षेत्रका विभिन्न जिल्लाहरू जहाँ भुकम्पले प्रभाव गरेको छ उक्त क्षेत्रहरूमा राहत वितरण गर्न अभियान भइरहेको छ । सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले संस्थागत रूपमा १ लाख र केन्द्रका सबै कर्मचारीले एक दिन बराबरको तलव गरी १८,७९२ रूपियाँ राहात कोषमा जम्मा गरिएको छ । सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको समन्वयमा रणनीतिक साझेदार एक्सन एड नेपालमार्फत सिन्धुपाल्चोकको ५ गाविसका २८२५ परिवारलाई १५ दिन खान पुग्ने खाद्यान्न वितरण गरिएको छ । यस्तै एक्सन एड नेपालकै सहयोगमा रसुवा जिल्लाको लहरेपौवा र धैबुङ गाविसका करिव २७०० परिवारलाई खाद्यन्न सामग्री वितरण भएको छ । रसुवाको संयोजन जिल्ला भूमि अधिकार मञ्च, नेपाल कृषिवन प्रतिष्ठान र महिला अधिकार मञ्चले गरेका छन् ।

यस्तै लुथरन विश्व फेडरेशनको सहयोगमा जिल्ला भूमि अधिकार मञ्च, ललितपुरमार्फत देवीचौर, भारदेउ, भटट्ेडाँडा, माल्टा, आस्राङ र घुसेल गाविसमा राहत सामग्री वितरण भयो । जिल्ला मञ्चमार्फत कार्यक्षेत्रका गाविसहरूमा राहत वितरणको लागि विभिन्न निकायहरूमा पहल भइरहेको छ ।

अहिलेसम्म आत्मनिर्भर सेवा केन्द्रको राहत तथा पुनर्निर्माण कोषमा डब्लुजेआर युकेबाट ३१ लाख ९५ हजार, छायाँ अष्ट्रियाबाट २ लाख, गभर्नेन्स फेसिलिटिबाट १ लाख ५० हजार, सुवास कट्टेलको व्यक्तिगत सहयोगबाट ५० हजार, मार्सेल मेलानबाट १५ हजार ३६, एसोसिएसन भ्वालिब्रे- मेरियान्स सबास्फिएनबाट १० लाख १५ हजार ९ सय ७३, राहुल रेड्डि गोटुरीबाट १ लाख २ हजार २ सय ५०, भिएसओ भोलेन्टिएर तोकेश इकेदाबाट २० हजार रूपैयाँसहित राहत कोषमा ५० लाख ४ सय ९२ रूपियाँ सङ्कलन भएको छ । यस्तै कोष सङ्कलन युक्यारिङ्ग अनलाइनमार्फत पनि सङ्कलन भइरहेको छ । अनलाइनबाट हालसम्म ६० हजार रूपियाँ सङ्कलन भइसकेको छ ।



डब्लुजेआर युकेबाट सहयोग भएको रकमले रसुवामा गाउँ भूमि अधिकार मञ्चमा सङ्गठित ४०६ भुकम्प पीडित परिवारलाई अस्थायी आवास निर्माण गर्नको लागि जस्तापाता सहयोग गर्ने निर्णय भएको छ । सोअनुसार सबै परिवारको घरधुरी सर्वेक्षणको कार्य सकिएको छ । साथै उक्त कार्यक्रम गर्नको लागि भुकम्प पीडित राहत तथा उद्धार केन्द्रबाट स्वीकृति लिने कार्य पनि भइसकेको छ ।

## जिल्ला-जिल्लामा राहत सङ्कलन

जिल्ला भूमि अधिकार मञ्च, पाल्पाले १९ हजार ८०, सुनसरीले १८ हजार ९ सय ६५, बाँकेले १६ हजार ४ सय ५१, महोत्तरीले १५ हजार १ सय ५६, पर्वतले १३ हजार, सर्लाहीले १२ हजार ५ सय, सुर्खेतले ९ हजार ४ सय, सप्तरीले ७ हजार, कैलालीले ४ हजार ३ सय ३० र दाङले ३ हजार २ सय गरी हालसम्म १ लाख १९ हजार ८२ रूपियाँ सङ्कलन भएको छ ।



यस्तै, जिल्ला भूमि अधिकार मञ्च दाङले सङ्कलन गरी पठाएको चामल ९ क्युन्टल ५० किलो, गहुँ ५० किलो, मकै ४० किलो र तरकारी ८० किलो नुवाकोट जिल्ला मञ्चमार्फत भुकम्प पीडितलाई वितरण गरिएको छ ।

यस्तै, जिल्ला भूमि अधिकार मञ्च सर्लाहीको सक्रियतामा स्थानीय सङ्गठनहरूबाट राहत सङ्कलन गरी हरिवन- २, बिसौनी डाँडाका भूकम्पबाट विस्थापित पाँच घर परिवारलाई एक बोरा चामल, पाँच किलो आलु, एक लिटर तेल, एक किलो नुन, मसला, सोयाविन, प्याज वितरण गरिएको छ । साथै जिल्ला मञ्च सर्लाहीकै संयोजनमा ताउ समाज र लर्ड ब्राइट बोर्डिङ स्कुलका तर्फबाट बिसौनी डाँडाका भूकम्प पीडित ९ परिवारलाई एक थान त्रिपाल, एक कार्टुन चाउचाउ तथा विस्थापित ६ परिवारलाई संयुक्तरूपमा दुई बोरा चिउरा र एक बोरा दालमोठ वितरण गरिएको छ । जिल्ला मञ्च सर्लाहीकै संयोजनमा परिवानीपुरका गाउँ मञ्चहरूबाट राहत संकलन गरी तथा ताउ समाज र लर्डब्राइट बोर्डिङ स्कुलको समेत राहत थप गरी संयुक्तरूपमा काठमाडौंको बाँसबारी र सिन्धुपाल्चोकको मेलम्चीमा भूकम्प पीडितहरूलाई तीन लाख रूपियाँ बराबरको तयारी खानेकुरा चाउचाउ, चिउरा, दालमोठ, बिस्कुट, भुजा, पानी र तथा त्रिपालसमेत वितरण गरिएको छ ।

यस्तै मुक्त कमलरी विकास मञ्चले सङ्कलन गरी पठाएको (३१ क्युन्टल चामल, १०० थान कम्बल र दाल) राहत सामग्री सिन्धुपाल्चोकको भीमटार, बाँडेगाउँ, शिखरपुर गाविसको ४ वटा गाउँ भूमि अधिकार मञ्चमा वितरण गरिएको छ । यस्तै सोही स्थानमा शान्ता चौधरी फाउडेशनमार्फत कपडा पनि वितरण गरिएको छ । पुनर्निर्माणको लागि राहत वितरण कार्य जारी छ ।

## बिर्ता जग्गा समस्या समाधानका लागि अन्तरक्रिया



भूमि सुधार तथा व्यवस्था मन्त्रालय र राष्ट्रिय भूमि अधिकार मञ्चको संयुक्त आयोजनामा ७ बैशाख २०७२ मा बबरमहल काठमाडौंमा बिर्ता जग्गा दर्तासम्बन्धी समस्या र समाधान विषयक अन्तरक्रिया आयोजना भयो । राष्ट्रिय भूमि अधिकार मञ्च र नेपाल सरकार भूमि सुधार तथा व्यवस्था मन्त्रालयबीच २०७१ जेठ ९ गते ९ बुँदे सहमति भएको थियो । सहमतिको ५ औं बुदाँमा नुवाकोट र रसुवा जिल्लालगायतका बिर्ता जग्गाका प्रकृति समेट्ने गरी बिर्ता उन्मुलन ऐन, २०१६ मा संशोधन प्रस्ताव गरी बिर्ता जग्गा समस्या सम्बोधन गर्ने कुरा उल्लेख गरिएको थियो । सो ऐन संशोधन मस्यौदा तयार गर्नुपूर्व राष्ट्रिय भूमि अधिकार मञ्च र सरोकारवालाहरूसँग परामर्श गर्ने सहमतिअनुसार अन्तरक्रिया आयोजना भएको हो ।

कार्यक्रमको मुख्य उद्देश्य बिर्तासम्बन्धी समस्या समाधान गर्न आवश्यक नीतिगत व्यवस्थाका लागि सरोकारवालाबाट सुझाव लिने रहेको थियो ।

अन्तरक्रियामा भूमि सुधार तथा व्यवस्था मन्त्री दलबहादुर राना, सचिव लोक दर्शन रेग्मी, सभासद्हरू सिद्धिलाल सिहं (ललितपुर), जर्नादन ढकाल (रसुवा) राधिका तामाङ्ग (नुवाकोट), भूमि सुधार तथा व्यवस्थापन विभागका महानिर्देक रोहितकुमार भट्टराई, सिन्धुपाल्चोक, ललितपुर र नुवाकोटका मालपोत प्रमुख, सरोकारवाला निकायका प्रतिनिधि तथा बिर्ता पीडित किसानहरू गरी ५६ जनाको सहभागिता रहेको थियो ।

भूमि सुधार तथा व्यवस्था मन्त्री, मन्त्रालयका सचिव, सिङ्गो भूमि सुधार तथा व्यवस्थापन मन्त्रालय र विभागीय टीम नै वास्तविक बिर्ता पीडितकै नाममा बिर्ता जग्गा दर्ता गरिनुपर्ने विषयमा सकारात्मक देखिएका छन् । मन्त्रालयले बिर्तासम्बन्धी समस्या समाधान गर्नको लागि छिट्टै ऐन संशोधन प्रस्ताव मन्त्री परिषद्मा लाने तयारी गरेको जानकारी अन्तरक्रियामा गराइयो ।

## संयुक्त पुर्जा बनाउने थपिए

संयुक्त पुर्जा बनाउने अभियान नियमित सञ्चालन भइरहेको छ । बैशाख महिनामा १ सय ५१ जोडीले संयुक्त पुर्जा निर्माण गरेका छन् । उनीहरूले करिव ३७.३५ हेक्टर क्षेत्रफलको जमिनमा संयुक्त पुर्जा निर्माण गरी भूमिमा महिला-पुरुषको बराबरी स्वामित्व कायम गराएका हुन् ।

यस क्रममा धनकुटामा ६९ जोडीले २०.५ हेक्टर, सुर्खेतका २६ जोडीले ४.६८ हेक्टर, बर्दियाका १४ जोडीले ६.२५ हेक्टर, सुनसरीका १० जोडीले ०.५२ हेक्टर, महोत्तरीका १० जोडीले ०.८२ हेक्टर, बैतडीका ७ जोडीले ०.९१, उदयपुरका ५ जोडीले ०.५५ हेक्टर, दाङका ४ जोडीले, बाँकेका ३ जोडीले १.७३ हेक्टर, सप्तरीका १ ०.०४ हेक्टर, पर्वतका १ जोडीले ०.०१ हेक्टर र कञ्चनपुरका १ जोडीले १.३४ हेक्टर क्षेत्रफलको जमिनमा संयुक्त पुर्जा निर्माण गरी भूमिमा महिला-पुरुषको बराबरी स्वामित्व कायम गराएका छन् ।

## सिकाई भ्रमण भयो

जिल्ला भूमि अधिकार मञ्च, ओखलढुङ्गाको आयोजनामा सामुदायिक भूमि तथा कृषि सुधार अभ्यासमा सङ्गठित सस्यहरूले सिकाई भम्रण गरेका छन् । सदस्यहरूले बैशाख ९ गते १२ गतेसम्म सिन्धुपाल्चोकको सामुदायिक भूमि सुधार अभ्यास भइरहेको क्षेत्रमा सिकाई भ्रमण गरेका हुन् । भ्रमण टोलीमा ६ महिला र ११ पुरुष गरी १७ सहभागी थिए ।

टोलीले बैशाख ९ र १० गते काभ्रेको हसेरा फार्ममा पुगी त्यहाँ अपनाइरहेको खेती प्रणालीबारेमा अवलोकन गरी त्यहाँको कृषिवन पद्दतिद्धारा गरिएको खेती प्रणालीबारे छलफल गरी ज्ञान लिएका छन् । साथै भ्रमण टोलीले ११ गते सामुदायिक भूमि सुधार अभ्यास भइरहेको क्षेत्र सिन्धुपाल्चोक राम्चेको भ्रमण गरी त्यहाँ अभ्यासमा सङ्गठित सदस्यहरूसँग अनुभव आदान-प्रदान गरेका थिए । भम्रण सकेर १२ गते टोली तातोपानी भन्सार जाने क्रममा ठिक ११ बजेर ५६ मिनेटमा गएको महाभुकम्पले टोलीलाई असर गर्‍यो । टोलीमा संलग्न च्यानम गाविस वडा नं. ७ समावेशी गाउँ भूमि अधिकार मञ्चकी अगुवा तथा परिवर्तनशील महिला कृषि सहकारी संस्थाकी उपाध्यक्ष मैंया श्रेष्ठको मृत्यु भयो । साथै कुन्तादेवी गाविसका विन्दा भुजेल र तुलसीराम ढकाल खुट्टा भाँचिएर अहिले उपचाररत छन् । भुकम्पको कारण १२ देखि १६ गते सम्म सिन्धुपाल्चोकको तातो पानीको कोदारीमा रोकिएको टोली १७ गते ओखलढुङ्गा फर्किएको थियो ।

## जिल्ला परिषद् भयो

जिल्ला भूमि अधिकार मञ्च, कैलालीको आठौं जिल्ला परिषद् भयो । मसुरियाको भूमिघरमा भएको परिषद्मा प्रमुख अतिथि इन्सेक संयोजक खड्कराज जोशी, विशेष अतिथि राष्ट्रिय भूमि अधिकार मञ्चका उपाध्यक्ष नन्दा जोशी, स्थानीय राजनीतिक दलका प्रतिनिधि तथा सरोकारवाला निकायका प्रतिनिधि र गाउँ भूमि अधिकार मञ्चका प्रतिनिधिसहित १३० सहभागी थिए ।

परिषद्मा आर्थिक प्रतिवेदन जिल्ला मञ्चका कार्यालय सचिव निर्मला चौधरी र वार्षिक प्रगती प्रतिवेदन जिल्ला संयोजक जवालसिं तिरुवाले प्रस्तुत गरेका थिए भने परिषद्ले उक्त प्रतिवेदन पारित गरेको छ ।

## भूमि घर बन्यो

दाङ, गंगापरस्पुर- ७ लालपुर गाउँ भूमि अधिकार मञ्चले आफ्नै भूमिघर निर्माण गरेको छ । भूमिघर निर्माणको लागि जिल्ला भूमि अधिकार मञ्चबाट छानो छाउन ३५ हजार रूपियाँ र भवानी सामुदायिक वनवाट ५० हजार रूपियाँ बराबरको काठ सहयोग प्राप्त भएको थियो । साथै गाउँ भूमि अधिकार मञ्चका सदस्यहरूले १ हजारका रूपियाँ दरले नगद पनि सङ्कलन गरी ३८ हजार रूपियाँ जम्मा गरेका थियो । भूमिघर निर्माण गर्नको लागि जनश्रमदान वापत २६ हजार ४ सय रूपियाँ सङ्कलन भएको थियो । यसरी जम्मा १ लाख ४९ हजार ४ सय रूपियाँले भूमिघर निर्माण भएको छ ।

## डाटा मेनेजमेण्ट तालिम भयो

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको आयोजनामा धनुषाको बर्दिवासको लालगढमा १ दिने वेव वेष्ड डाटा मेनेजमेण्ट विषयक तालिम भयो । बैशाख १२ गते भएको तालिममा आत्मनिर्भर केन्द्रको पूर्वी क्षेत्रीय स्रोत केन्द्रको जिल्लाहरू झापा, मोरङ, सुनसरी, धनकुटा, सिरहा, सप्तरी, उदयपुर, महोत्तरी र सर्लाहीका सहभागीहरू थिए । तालिममा अभियान अधिकृत, जिल्ला संयोजक र कार्यालय सचिवसहित १८ जना सहभागी थिए ।

आत्मनिर्भर केन्द्रले आउँदो साउनबाट सञ्चालन गर्न लागेको डाटा मेनेजमेण्ट सिष्टमको बारेमा जिल्लाका कार्यालय सचिव तथा जिल्ला संयोजकलाई व्यवहारीक अभ्यासद्धारा डाटा व्यवस्थापन गर्नेबारे व्यवहारीक ज्ञान तालिमबाट प्राप्त भएको छ । सोधपुछ डटकमसँग मिलेर आत्मनिर्भर सेवा केन्द्रले तयार गरेको डाटा मेनेजमेण्ट सिष्टम तालिमको सहजीकरण सोधपुछ डटकमका डेभ्लोपर जितेश कार्की र विशाल लेप्चाले गरेका थिए ।

जय भूमि ।

भूमि अधिकार मञ्च

**राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल** (NLRF)
ठिमुरा, चितवन,
फोन : ०१-६९१४५८६
ईमेल : nlrfnepal@yahoo.com

CSRC
आत्मनिर्भर केन्द्र

**सामुदायिक आत्मानिर्भर सेवा केन्द्र** (CSRC)
धापासी काठमाडौं,
फोन : ०१-४३६०४८६
ईमेल : landrights@csrcnepal.org